www.prepp.in

Your Personal Exams Guide

**SET-4**

**Series GBM**

कोड नं.
Code No. **24**

रोल नं.
Roll No.

परीक्षार्थी कोड को उत्तर-पुस्तिका के मुख-पृष्ठ पर अवश्य लिखें ।
Candidates must write the Code on the title page of the answer-book.

- कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में मुद्रित पृष्ठ **4** हैं ।
- प्रश्न-पत्र में दाहिने हाथ की ओर दिए गए कोड नम्बर को छात्र उत्तर-पुस्तिका के मुख-पृष्ठ पर लिखें ।
- कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में **10** प्रश्न हैं ।
- **कृपया प्रश्न का उत्तर लिखना शुरू करने से पहले, प्रश्न का क्रमांक अवश्य लिखें ।**
- इस प्रश्न-पत्र को पढ़ने के लिए 15 मिनट का समय दिया गया है । प्रश्न-पत्र का वितरण पूर्वाह्न में 10.15 बजे किया जाएगा । 10.15 बजे से 10.30 बजे तक छात्र केवल प्रश्न-पत्र को पढ़ेंगे और इस अवधि के दौरान वे उत्तर-पुस्तिका पर कोई उत्तर नहीं लिखेंगे ।
- Please check that this question paper contains **4** printed pages.
- Code number given on the right hand side of the question paper should be written on the title page of the answer-book by the candidate.
- Please check that this question paper contains **10** questions.
- **Please write down the Serial Number of the question before attempting it.**
- 15 minute time has been allotted to read this question paper. The question paper will be distributed at 10.15 a.m. From 10.15 a.m. to 10.30 a.m., the students will read the question paper only and will not write any answer on the answer-book during this period.

# नेपाली

# NEPALI

*निर्धारित समय : 3 घण्टे* | *अधिकतम अंक : 100*

*Time allowed : 3 hours* | *Maximum Marks : 100*

## खण्ड एक

**1.** (क) छन्दको अध्ययनमा लघु र गुरु छुट्याउनु पर्दा के-कस्ता नियमहरूको पालन गर्नुपर्छ ? *1*

(ख) कवितामा छन्दको प्रयोग गर्न किन आवश्यक छ अनि कति प्रकारका हुन्छन् ? *3*

"म खाँऊ मै लाऊँ, सुख सयल वा मौज म गरूँ,
म बाँचूँ, मै नाचूँ, अरु सब मरुन् दुर्बलहरू ।"

(ग) उक्त पंक्ति कुन छन्दमा पर्दछ र सो छन्दमा कुन-कुन 'गण' रहेका हुन्छन् ? *2*

(घ) छन्दशास्त्रको अर्को नाम के हो ? *1*

(ङ) अलङ्कार भन्नाले के बुझिन्छ ? साहित्यमा यसको स्थान कस्तो रहेको हुन्छ ? *2*

(च) शब्दालङ्कार भन्नाले के बुझिन्छ ? उदाहरणसहित लेख्नुहोस् । *3*

## खण्ड दुइ

**2.** घरमा विशेष काम आफू श्रेणीमा उपस्थित हुननसक्ने कारण जनाउँदै श्रेणी शिक्षक मार्फत प्राचार्यलाई एक दिने विदाको निम्ति निवेदन पत्र लेख्नुहोस् । *5*

**3.** तल दिएका कुनै ***एक*** विषयमाथि 250 शब्दसम्मको निबन्ध लेख्नुहोस् : *10*

(क) पर्यावरण प्रदूषण र यसको रोकथाम ।

(ख) दैनिक जीवनमा पत्रिकाको महत्त्व ।

(ग) स्वस्थ समाज बनाउनमा विद्यार्थीको भूमिका ।

## खण्ड तीन

**4.** (क) 'खोलाको अनन्त सङ्गीत पहाड़को कुना-कुनासम्म फैलिएको थियो, फेरि प्रकृतिको नियममा विश्रृङ्खलता थिएन ।'

(i) उक्त पंक्ति कुन पाठबाट उद्धृत गरिएको हो ? *1*

(ii) पाठको नाम लेख्दै कथाकारको परिचय दिनुहोस् । *2*

(iii) उक्त पंक्तिमा के भन्न खोजिएको छ स्पष्ट पारेर लेख्नुहोस् । *2*

(ख) ‘मनुष्यको सम्झनाका दुइ खण्ड छन् – स्वार्थ र परार्थ परपीड़नले स्वार्थ पटाउन अधम हो, स्वार्थद्वारा परार्थ पटाउनु मध्यम, परार्थद्वारा स्वार्थ पटाउनु उत्तम ।’

(i) उक्त पंक्ति कसले कसलाई भनेको हो ? *2*

(ii) उक्त पंक्तिको आशय के हो स्पष्ट पार्नुहोस् । *3*

(ग) ‘समाधानको खोजी’ पाठबाट हामी के शिक्षा पाउन सक्छौ, विस्तारपूर्वक लेख्नुहोस् । *5*

**5.** (क) ‘हाइ-हाइ अङ्ग्रेजी’ निबन्धका आधारमा लक्ष्मीप्रसाद देवकोटालाई चिनाउनुहोस् । *5*

(ख) ‘प्यारो सपना’ निबन्धका निबन्धकार को हुन् ? उनले सपना र बितेका दिनमा के भिन्नता देखाएका छन् ? *3*

(ग) ‘कुखुरी काँ’ निबन्धका निबन्धकार को हुन् ? यस निबन्धमा के-द्वारा संसारलाई चिनाउने प्रयास गरिएको छ ? *2*

**6.** (क) सप्रसङ्ग व्याख्या गर्नुहोस् : *5*

“भीष्म सन्तापले पूर्ण शकुनी-ध्वनि संकुल
कृष्ण-कादम्बरी-शून्य जुवा झैं छ नमस्तल ।”

(ख) “लड़ाउँदै मुढ़ा-ढुङ्गा खहरे गड्गड़ाउँछ
छोटो मानिस मौकामा ज्यादा जोश बढ़ाउँछ ।”

(i) उक्त पंक्ति कहाँबाट निकालिएको हो र यसका कवि को हुनुहुन्छ ? *1*

(ii) माथिको पंक्ति कुन छन्दमा पर्दछ ? *1*

(iii) उक्त भनाईलाई विस्तार गरेर लेख्नुहोस् । *3*

**7.** (क) नाटकको सफलता र असफलता परिक्षण कसरी गर्न सकिन्छ तर्क पूर्ण उत्तर दिनुहोस् । *4*

(ख) ‘बन्दिनी’ एकांकीले कस्तो शासन व्यवस्थाको परिचय दिएको छ ? *3*

(ग) समाजमा बसेर एक विवेकशील मानिसले गर्नुपर्ने कर्तव्य को हो ? *3*

**8.** (क) ‘जुनेली रेखा’ उपन्यासमा ब्रिटिशकालीन चियाकमानका सीधा सोझा मजदूरहरूको सानो भूलमा पनि कसरी हट्टाबाहर गरिन्थ्यो ? *5*

(ख) ‘जुनेली रेखा’ उपन्यासकी प्रमुख नायिकाको भूमिका कस्तो थियो ? उसलाई अन्तमा किन पश्चताप भयो ? *5*

Prepp
Your Personal Exams Guide

**9.** (क) लेखनाथ पौड्यालका कुनै चार कृतिहरूको नाम लेख्नुहोस् । *4*

(ख) साहित्यकार रामकृष्ण शर्माको जन्म कहाँ भएको हो ? *2*

(ग) बालकृष्ण समको प्रथम प्रकाशित कविता कुन हो ? *2*

**10.** (क) कुन कारणले गर्दा मानिसहरूको भाषा बेग्ला-बेग्लै भयो ? बेग्लै परिवारको भाषा भनेर कसरी छुट्याइन्छ । *5*

(ख) मौलिक उपन्यासबारे छलफल गर्दै सात साले क्रान्तिपछि लेखिएका उपन्यासहरूका नाम लेख्नुहोस् । *5*

Prepp
Your Personal Exam Guide